# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७४ फागुन २१ गते

### आयोगका पूर्व सदस्य श्री राम नगीना सिंहको दुःखद् निधनप्रति आयोगद्वारा गहीरो दुःख व्यक्त

राष्ट्रिय मानव अधिकार आयोगको आजको आकष्मिक बैठकले राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य श्री राम नगीना सिंहको (वि.सं २०६४ असोज - २०७० भाद्र) हिंजो मिति २०७४ साल फागुन २० गतेका दिन वहाँकै निवास सर्लाहीमा भएको असामयिक तथा दुःखद् निधनप्रति गहीरो शोक व्यक्त गरेको छ । यस दुःखद् घडीमा आयोग शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गरेको छ ।

स्व. राम नगीना सिंहको सम्मान र सम्भ्कनामा बैठकले आयोगको केन्द्रीय कार्यालयमा ३ दिन सम्म आयोगको भ्कण्डा आधा भ्कुकाउने, स्व. राम नगीना सिंहको तस्वीर सहित १३ दिनसम्म शोक पुस्तिका राख्ने र स्व. राम नगीना सिंहको निधन भएको १३ औं दिनको दिन आयोगका सबै कार्यालयहरूमा श्रद्धाञ्जली सभा आयोजना गर्ने निर्णय गरेको छ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता